# ‘आँधी’ उपन्यासको लैङ्गिक अध्ययन

- **दुर्गाबहादुर दाहाल**
नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय

**सार -** प्रस्तुत शोध पत्र उत्तरपूर्वी भारतका नेपाली उपन्यासकार लोकनाथ उपाध्याय चापागाईँद्वारा रचित ‘**आँधी** उपन्यासको लैङ्गिक अध्ययन’ शीर्षक लेखमा केन्द्रित रहेको छ। ‘लैङ्गिक अध्ययन’ साहित्य अध्ययनका समकालीन समालोचना सिद्धान्त ‘सांस्कृतिक अध्ययन’-को क्षेत्रभित्र पर्ने एउटा प्रमुख अध्ययनको शाखा हो। यस सिद्धान्तले पारिवारिक, सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक आदि सबै क्षेत्रमा पुरुष र महिलाबिच हुने लैङ्गिक विभेदको अन्त्य गरी समतामूलक संस्कृतिको अपेक्षा राख्दछ। **आँधी** उपन्यासमा उत्तरपूर्वी भारतका पुरुषप्रधान नेपाली समाजमा नारीहरूको स्थिति असमान र साँघुरो देखाइएका हुनाले लैङ्गिक अध्ययनको सिद्धान्तका आधारमा प्रस्तुत उपन्यासको अध्ययन र विश्लेषण गर्नु यस शोध पत्रको उद्देश्य रहेको छ। प्रस्तावित शोध पत्रको सैद्धान्तिक ढाँचा निर्माणका लागि रमेशप्रसाद भट्टराईद्वारा लिखित **सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ** पुस्तकमा लैङ्गिक अध्ययनको सिद्धान्तबारे लेखिएको अध्याय, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित गरिएको **रत्न बृहत् नेपाली समालोचना**, भाग-३ पुस्तकमा साधना प्रतीक्षाद्वारा लेखिएको ‘लैङ्गिक समालोचनाका सैद्धान्तिक आधार र विश्लेषण’ लेख अनि केट मिलेटद्वारा लेखिएको **सेक्सुअल पोलिटिक्स** पुस्तकलाई आधार स्वरूप ग्रहण गरिएको छ।

**बीज शब्द -** आँधी**,** लैङ्गिक अध्ययन**,** महिला (नारी)**,** पुरूष**,** पितृसत्तात्मकता**,** शरीर राजनीति**,** सामाजिक रूढि तथा अन्धविश्वास

## १ परिचय

‘लैङ्गिक अध्ययन’ अङ्ग्रेजी भाषाको ‘जेन्डर स्टडिज्’-को नेपाली रूपान्तर हो। इ सं १९७०-का दशकदेखि नारीवादी समालोचना केवल नारीहरूकै अध्ययन र चिन्तनमा मात्र केन्द्रित नभई नारी-पुरुष समताका सन्दर्भबाट अघि बढ्ने क्रममा लैङ्गिक अध्ययनको सिद्धान्त विकास भएको देखिन्छ। सिमोन द बुभा, केट मिलेट, हेलेन सिक्सु, युलिया क्रिस्टेभा, कमला भासिन, जुडिथ बटलर आदि महिला लेखकहरूले साहित्य, समाज, भाषा आदिका विमर्शमा महिला चित्रणको खोजी गर्दै लैङ्गिक अध्ययन सम्बन्धी विभिन्न सैद्धान्तिक पुस्तकहरू लेखे। लैङ्गिक अध्ययन मूलत: महिलामाथि केन्द्रित भए तापनि वास्तवमा यो महिला, पुरुष दुवैका साथै समलिङ्गी तथा तेस्रो लिङ्गीको पनि अध्ययन हो। यस सिद्धान्तले कुनै पनि कृतिभित्र नारी पात्रहरूको के कस्तो स्थान, भूमिका र अवस्था छ तथा नारी र पुरुषको समाज सांस्कृतिक सम्बन्ध के कस्तो छ भनी खोज्ने काम गर्दछ।

लोकनाथ उपाध्याय चापागाईँले **आँधी** उपन्यासमा उत्तरपूर्वी भारतका नेपाली समाजमा पाइने यथार्थ घटना र सामाजिक समस्याहरू प्रस्तुत गरेका छन्। उत्तरपूर्वी भारतका असम, मेघालय आदि राज्यका विभिन्न क्षेत्रमा बसोबास गर्दै आएका त्यहाँका नेपाली जातिका सामाजिक समस्याहरूमा पनि मूलत: नारी समस्यालाई केन्द्रित गरेर उनले प्रस्तुत उपन्यासको विषयवस्तु बनाएका छन्। उपन्यासकी मूल पात्रा तथा नायिका नम्रताले आफ्नो जन्मकालदेखि विद्यार्थी जीवन हुँदै विवाहकालसम्म विभिन्न प्रकारका नारी शोषण, दमन, हिंसा तथा नारी

समस्याहरू भोग्नु परेको छ। यसर्थ यस शोध पत्रमा लैङ्गिक अध्ययनको सिद्धान्तका आधारमा **आँधी** उपन्यासको अध्ययन तथा विश्लेषण गर्ने प्रयास गरिएको छ।

## २ लैङ्गिक अध्ययनको सैद्धान्तिक अवधारणा

समाजमा मानिसलाई लिङ्गका आधारमा गरिने भेदभाव विरुद्ध अस्तित्वमा आएको अवधारणा नै लैङ्गिक अवधारणा हो। लैङ्गिक तथा जेन्डरको अवधारणा लिङ्ग विपरीत अवधारणा हो। यसले नारी र पुरुषको भूमिकालाई समाज सांस्कृतिक सन्दर्भमा विश्लेषण गर्दछ। "यो व्यक्तिको सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक पक्ष हो जसको निर्माणमा प्राकृतिक वा जीववैज्ञानिक तत्त्वको कुनै प्रकारको सम्बन्ध र भूमिका हुँदैन" (भट्टराई, वि सं २०७८, पृ-१०७)। यसरी लैङ्गिक अवधारणा अन्तर्गत जैविक तथा प्राकृतिक तत्त्वको कुनै भूमिका नरहने हुनाले यो प्रत्येक समाजको परिवेश, सांस्कृतिक अवस्था र दृष्टिकोण अनुसार फरक फरक हुने गर्दछ। लैङ्गिक अध्ययनले विशेष गरी समाजमा महिलामाथि गरिने विभिन्न किसिमका लैङ्गिक विभेदबारे अध्ययन गर्दछ। मानिस जन्मँदा केवल महिला र पुरुषको लिङ्गगत भिन्नता बाहेक अन्य सम्पूर्ण समानता लिएर जन्मन्छ। तर पछि समाजमा पूर्व स्थापित सांस्कृतिक मूल्यहरूले उनीहरूलाई बेग्ला बेग्लै परिचय, भूमिका, जिम्मेवारी तथा कर्तव्यमा विभाजित गर्दै लैजान्छन्। यसैले जन्मजातका आधारमा नभएर सामाजिकीकरण प्रक्रियाद्वारा लैङ्गिक विभेद निर्माण हुने गर्दछ। "समाज तथा सामाजिक मूल्य मान्यताले महिला वा पुरुषलाई दिने अधिकार, भूमिका, स्रोत साधन तथा त्यसबाट निर्मित र विकसित उनीहरूको मानसिकतालाई लैङ्गिकता भनिन्छ" (सुवेदी र गौतम, वि सं २०७९, पृ-३२६)। लैङ्गिकताका कारण महिलावर्ग पछाडि रहन पुगे भने समाजमा पुरुषवर्गको प्रभुत्व कायम रहेको पाइन्छ। यस प्रकारको लैङ्गिक विभेद विरुद्ध दुवै वर्गमा समान अवसर तथा भूमिकाको अपेक्षा गर्दै समन्याय प्रदान गर्नु लैङ्गिक अध्ययनको मुख्य अवधारणा हो।

आरम्भका साहित्यिक कृतिहरू केवल पुरुषवर्गद्वारा रचिने हुनाले ती कृतिहरूमा महिलाको महत्त्व स्वीकार नगरेको आरोप लाउँदै महिला लेखकहरूले साहित्य तथा समालोचनाका क्षेत्रमा महिलाकेन्द्री दृष्टिकोणको माग गरे। इ सं १९४९-मा फ्रान्सेली लेखिका सिमोन द बुभाले **द सेकेन्ड सेक्स** नामक कृति प्रकाशन गरेपछि नारीवादी तथा लैङ्गिक समालोचनाका क्षेत्रमा हलचल नै आएको देखिन्छ। उक्त पुस्तकमा उनले "नारी जन्मँदा नै नारी भएर जन्मन्न, केवल लिङ्गका आधारमा ऊ पुरुषभन्दा फरक हुन्छे तर समाज र समाजमा स्थापित मान्यता तथा संस्कारले उसलाई नारी बनाउँछ भन्ने धारणा प्रकट गरेकी छन्" (सुवेदी र गौतम, वि सं २०७९, पृ-३३३)। अर्की अमेरिकी लेखिका केट मिलेटको **सेक्सुअल पोलिटिक्स** पुस्तकको प्रकाशनले लैङ्गिक दृष्टिकोणमा नयाँ व्याख्या प्रस्तुत गर्‍यो। उक्त पुस्तकमा "महिला पुरुषबिचको विभेद तथा पुरुषहरूको प्रभुत्व रहनाको कारण यौनिकता हो भन्दै उनले यौनिकता पितृसत्तात्मक प्रभुत्वको एउटा शक्ति हो जसका माध्यमले पुरुषले महिलामाथि शासन गर्छ" (सुवेदी र गौतम, वि सं २०७९, पृ-३३३) भन्ने विचार व्यक्त गरेकी कुरो साधना प्रतीक्षाले आफ्नो लेखमा उल्लेख गरेकी छन्। समग्रमा भन्नु पर्दा कृतिमा महिला-पुरुष तथा अन्य लिङ्गीलाई समाजले दिएका सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक आदि भूमिकाको खोजी गर्दै सबैमा समानाधिकार प्रदान गर्नु नै लैङ्गिक अध्ययनको मुख्य उद्देश्य रहेको देखिन्छ।

नारीवादी समालोचना अन्तर्गत विकसित भएर मौलाएको लैङ्गिक समालोचनाको परम्परा नेपाली साहित्यमा पनि विकसित भइसकेको देखिन्छ। वर्तमान समयमा लैङ्गिकताका आधारमा कुनै पनि कृतिको विश्लेषण गरी त्यसभित्रका नारी पात्रहरूको स्थान, पहिचान गर्ने परिपाटी वृद्धि भइरहेको देखिन्छ। रमेशप्रसाद भट्टराईले **सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ** नामक आफ्नो पुस्तकमा लैङ्गिक अध्ययनका नौवटा सैद्धान्तिक पक्षहरूबारे उल्लेख गरेका छन्। ती पक्ष हुन्- १) नारीवाद २) पितृसत्ता ३) यौनिकता ४) शरीर ५)

लैङ्गिक विभेद ६) दमन र शोषण ७) हिंसा र अधिनस्थता ८) लिङ्गीय सम्बन्ध र ९) पहिचान। यसरी नै राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित **रत्न बृहत् नेपाली समालोचना,** भाग-३ पुस्तक अन्तर्गत 'लैङ्गिक समालोचनाका सैद्धान्तिक आधार र विश्लेषण' भन्ने लेखमा साधना प्रतीक्षाले लैङ्गिक समालोचना सिद्धान्त अन्तर्गत कृति विश्लेषणका पाँचवटा आधारहरूबारे व्याख्या गरेकी छन्। ती आधार हुन्- १) जैविकीय आधार २) सामाजिक आधार ३) आर्थिक आधार ४) धार्मिक तथा सांस्कृतिक आधार र ५) राजनैतिक आधार। केट मिलेटले आफ्नो **सेक्सुअल पोलिटिक्स** पुस्तकको सैद्धान्तिक खण्ड अन्तर्गत यौनिक राजनीतिको दृष्टान्त र सिद्धान्तबारे विस्तृत चर्चा गरेकी छन्। लैङ्गिक अध्ययनको सिद्धान्त अन्तर्गत पर्ने यी विभिन्न पक्ष तथा आधारहरूबारे गहन अध्ययन गरी त्यसैका आधारमा **आँधी** उपन्यासको अध्ययन तथा विश्लेषण गर्ने प्रयास प्रस्तुत शोध पत्रमा गरिएको छ।

## ३ 'आँधी' उपन्यासको लैङ्गिक अध्ययन

लोकनाथ उपाध्याय चापागाईँ उत्तरपूर्वी भारतको असम राज्यमा जन्मेका हुन्। उनी हाल भारतीय सैनिक सेवाबाट सेवानिवृत्त भएर सिलगडी, पश्चिम बङ्गालमा स्थायी रूपमा बसोबास गर्दै आएका छन्। उनका हालसम्म प्रकाशित कृतिहरू निम्न हुन्- १) **साइत** (इ सं १९८२, कथा सङ्ग्रह २), **विवर्तन** (इ सं १९९०, खण्डकाव्य ३), **अन्तराल** कविता सङ्ग्रह ४), **आँधी** (इ सं १९९९, उपन्यास, ५) **लोक निबन्ध** (इ सं २००१, निबन्ध सङ्ग्रह), ६) **किन रोयौ उपमा** (कथासङ्ग्रह), ७) **रहस्य र अनुसन्धान** (इ सं २०१७, उपन्यास)।

**आँधी** लोकनाथ उपाध्याय चापागाईँद्वारा रचित एउटा नायिका प्रधान उपन्यास हो। यस उपन्यासमा पूर्वाञ्चल भारतको नेपाली समाजका नारी पात्रहरू पितृसत्ता, अन्धविश्वास, सामाजिक रूढि, अशिक्षा, नारी उत्पीडन, यौनजन्य हिंसा, बलात्कार जस्ता कुकृत्यका कारण प्रताडित भएको देखाइएको छ। उपन्यासकी नायिका नम्रताले आफ्नो जीवनमा आइपरेका यी सामाजिक तत्त्वहरूसँग एक्लै सङ्घर्ष गर्दै आफैलाई शिक्षित, स्वतन्त्र, स्वावलम्बी र सचेत तुल्याइएकी छन्। यस शोध पत्रमा **आँधी** उपन्यासलाई लैङ्गिक अध्ययनको सिद्धान्त अन्तर्गत पर्ने विविध पक्षहरूमध्ये उपन्यासमा निहित निम्न पक्षहरूका आधारमा विश्लेषण गरिने प्रयास गरिएको छ-

### ३.१ शरीर राजनीति

शरीर राजनीति लैङ्गिक अध्ययनको एउटा मुख्य विषय हो। नारी शरीरको शोषण, दमन, हिंसा र अधीनस्थताका कारण शरीर राजनीतिको अवधारणा विकास भएको हो। कुनै पनि कृतिको लैङ्गिक विश्लेषण गर्दा कृतिभित्रका नारी पात्रहरू शरीर संरचनाका आधारमा विभेदित छन् कि छैनन् अथवा उनीहरूमाथि समतामूलक व्यवहार गरिएको छ वा छैन भन्ने कुराको खोजी गरिन्छ। "नारी-पुरुषबिचको शारीरिक सम्बन्ध, महिलाको शरीरको सुन्दरता वा कामुकता, रजस्वला, गर्भधारण तथा बालबच्चाहरूको हेरचाह जस्ता विषयहरू नारीका स्वतन्त्र विषय हुन् र उसको शरीर सम्बन्धीका व्यक्तिगत विषयहरू पनि हुन्। त्यसैले यी विषयमा नारीले स्वतन्त्र निर्णय गर्न पाउनु पर्छ भन्ने मान्यता नै शरीर राजनीतिको मूल मान्यता हो" (भट्टराई, वि सं २०७८, पृ-१३४)। केट मिलेटले आफ्नो पुस्तक **सेक्सुअल पोलटिक्स**मा "पितृसत्ता एक किसिमको राजनैतिक प्रणाली हो" (मिलेट, इ सं १९७०, पृ- २४) भन्ने धारणा व्यक्त गरेकी छन्। उनका विचारमा समाजमा विद्यमान रहेका पितृसत्तात्मक संरचनाले नै महिलाको शरीरमाथि यौनिक तथा शरीर राजनीति गरिरहेका हुन्छन्।

**आँधी** उपन्यासका नारी पात्रहरू आफ्ना जैविकीय गुण तथा शरीर संरचनाका आधारमा लैङ्गिक विभेद तथा यौन हिंसाका सिकार बन्न पुगेका छन्। उपन्यासकी नायिका नम्रताकी आमा बमबहादुर बस्नेतसँग पोइल गएकै साँझ घरमा नम्रता एक्लै भएको मौका छोपेर ड्राइभर सदानन्द शर्माले उसलाई यौनजन्य दुर्व्यवहार गर्ने प्रयास गर्छ। आफ्नो पिता हरिभक्तको देहान्त भएपछि नम्रतालाई उनका काका श्रीप्रकाशले आफ्नो घर गुवाहाटी

ल्याउँछन्। काका-काकीले जागिरसिंह र नाजिरसिंहसँग मिलेर आफूसँगै, आफूले ब्याङ्कबाट निकालेको रूपियाँ पनि लुट्ने षडयन्त्र रचेको थाहा पाएपछि ऊ त्यहाँबाट राती नै भाग्छे। गुवाहाटीबाट शिलाङ जाने बसमा उनको एकजना बुढी आमै र तिनको नातिनीसँग भेट हुन्छ। ती यात्रीहरूसँगै नम्रता पनि शिलाङ जान्छे र ती आमैका घरमा बसेर आफ्नो अध्ययन पनि अघि बढाउँछे। शिलाङको एउटा साहित्यिक कार्यक्रममा नम्रताको भेट धनञ्जय पौड्यालसँग हुँदछ। पौड्यालले उनलाई पार्ट टाइम नोकरी दिलाइ दिइने आश्वसन दिँदै आफ्ना घर बोलाउँछन्। यसरी पार्टटाइम नोकरी पाए काम गर्दै आफ्नो पढाइ अघि बढाउने सोच लिएर धनञ्जयको घर पुगेकी नम्रता झण्डै तिनको वासनाको शिकार हुन पुगिनन्।

आमैको देहान्त भएपछि नम्रता शिलाङबाट पुन: गुवाहाटी नै फर्कन्छे। गुवाहाटीको एउटा होटलमा बस्दा राती एउटी फूलनबाई नामकी आइमाईले नम्रताको शरीरको रूप लावण्यको प्रशंसा गर्दै "मेरो अरू अरू केटीले त प्रत्येक रातमा दुई तीन सय कमाउँछन् भने तपाई झन् राम्री हुनुहुन्छ" (चापागाईँ, इ सं १९९९, पृ- ६९) भनी आफ्ना कोठीमा आउने न्यौता दिँदा नम्रताले त्यसको गालामा छाप बस्ने गरी हिर्काएर थर्काइन्। यसरी नै शिङरी भन्ने ठाँउमा एउटा समाजमा नाम चलेको धनाढ्य परमानन्दको छोरो ईश्वरीप्रसादले अरूणा भन्ने पात्रालाई गर्भवती बनाएर समाजको सामु स्वीकार नगर्दा नम्रताले यसको ठाडै विरोध गर्छे। परिणामस्वरूप एकदिन ईश्वरीप्रसाद र उनका साथीहरू मिलेर एकान्त ठाँउमा नम्रतालाई भेटेर बलात्कार गर्ने प्रयास गर्दछ। नम्रता त्यहाँबाट पनि सङ्घर्ष गरेर आफ्नो जिउ र ज्यान जोगाएर भाग्न सफल हुन्छे। अरूणा पछि आत्महत्या गरेर मर्छे। यसरी पुरुषप्रधान समाजमा नारीहरू आफ्ना जैविकीय तथा शरीर संरचनाका आधारमा नैतिक पतन भएका भ्रष्ट र कामुक पुरुषहरूद्वारा दमित, शोषित तथा उत्पीडित हुन पुगेका छन्।

### ३.२ पितृसत्तात्मकता

'पितृसत्ता' अङ्ग्रेजी शब्द 'पेट्रियार्की' को नेपाली रूपान्तर हो। प्राचीन ग्रिसेली समाजमा 'पेट्रा' को अर्थ परिवार र 'आर्की' को अर्थ शासन भन्ने हुन्छ र जसको तात्पर्य परिवारको मूल मानिसको शासन भन्ने बुझिन्छ। सामान्यत: नारीमाथि पुरुषको शोषण तथा दमन हुने सामाजिक संरचना पितृसत्ता हो। समाजमा परम्परादेखि चलिआएको पितृसत्ताको प्रभावलाई पितृसत्तात्मकता भनिन्छ। पितृसत्तामा पुरुषद्वारा महिलामाथि दमन गरिएको हुन्छ भने पितृसत्ताको प्रभाव तथा पितृसत्तात्मकताका कारण पुरुषबाहेक नारी स्वयमंबाट पनि नारीको शोषण तथा दमन हुने गर्छ। पितृसत्तात्मक विचारधारा तथा नीति नियमका निर्मता पुरुषहरू स्वयम् भएका हुनाले समाजमा महिलाप्रति तिनको दृष्टिकोण पक्षपातपूर्ण रहेको छ। यसैले समाजका परम्परा, मूल्य र मान्यता सबै पुरुष केन्द्रित देखिन्छ।

कमला भासिनले **व्हाट् इज् पेट्रियार्की?** पुस्तकमा पितृसत्ताले नारीका श्रमशक्ति, प्रजननशक्ति, यौनिकता, गतिशीलता र सम्पत्ति तथा आर्थिक श्रोतजस्ता पाँच पक्षमाथि नियन्त्रण राख्छन् भनेकी छन्। यी पाँच पक्षमध्ये **आँधी** उपन्यासको सहायक पात्रा अरूणाको प्रजननशक्ति र यौनिकतामाथि ईश्वरीप्रसादले नियन्त्रण गरी उसलाई लत्याएको छ। यसैले पितृसत्तात्मकताका कारण अरूणालाई आत्महत्या गर्ने बाध्यता आइपर्छ। आफ्नो गर्भमा रहेको अबोध शिशुको बाबु धनाढ्य परमानन्दको छोरो ईश्वरीप्रसाद नै हो भन्दा पनि पञ्चायतका सभामा बसेका पुरुषप्रधान समाजका बुढा पाकाले चलिआएको परम्परागत पितृसत्तात्मकताको कारण यसो भन्दै अरुणालाई केरकार गर्छन्- "एस्तो हुँदै नभएको कुरा नगर है, जिब्रो थुती माग्लिस्। ईश्वरीले त किरिया खा र भन्दै छ त्यो उसको हुँदै होइन भनेर, फेरि उल्लाइनै औल्याउँछेस्" (चापागाईँ, इ सं १९९९, पृ-७५)। यसरी जसको नासो हो उसैको नाम लिँदा पनि बलजफ्ती त्यसको हुँदै होइन भनेर अरू कसैलाई तोक्न बाध्य तुल्याउन खोज्ने समाजको निर्णय सुनेर नौलो परिवेशमा आएकी नम्रता आफ्नो रिस खप्न नसकी पुरुषप्रधान समाजविरुद्ध यसरी प्रहार गर्छिन्-"यस्तो विषयमा गल्ती आइमाईको मात्र हुँदैन, पुरुष पनि त्यतिकै दोषको भागी हुन्छ। कतिपय प्राकृतिक अनुकूलताले गर्दा यस प्रकारको

अपराध पछि लोग्ने मानिस सहजै तर्किन्छ तर यो जम्मै दोष र गल्ती असहाय अबलाको थाप्लामा हालिन्छ। के यसरी नै गर्नु हुन्छ तपाईहरू इन्साफ?" (चापागाईँ, इ सं १९९९, पृ- ७६)। यसरी पितृसत्तात्मक सामाजिक संरचना व्यवस्थाअन्तर्गत पुरुषवर्गलाई महत्त्व दिइने र महिलावर्गलाई खासै महत्त्व नदिई शोषण र दमन गरिने हुँदा समाजमा लैङ्गिक विभेदले निरन्तरता पाइरहेको देखिन्छ।

### ३.३ महिला र पुरुषबिचको सम्बन्ध

समाजमा महिला र पुरुषबिचको सम्बन्धका आधारमा लैङ्गिक विभेद हुने गर्छ। पितृसत्तात्मक सोचद्वारा प्रेरित पुरुषहरू नारीमाथि शासन गर्न चाहन्छन् भने उदार विचारधारा भएका पुरुषहरू नारीसँग मैत्रीपूर्ण सम्बन्ध राख्ने गर्छन्। यस्तो सम्बन्धबाट लैङ्गिक समता निर्माण हुने गर्छ। **आँधी** उपन्यासमा ड्राइभर सदानन्द शर्मा, श्रीप्रकाश, नाजिरसिंह, धनञ्जय पौड्याल, सन्दीप, ईश्वरीप्रसाद आदि जस्ता पुरुष पात्रहरू पितृसत्तात्मक अहमका कारण नारीहिंसा, दमन र शोषण गर्न उत्प्रेरित देखिन्छन्। अर्कोतिर रत्न, निकुञ्ज, महेश भट्टाचार्य, चन्द्रकान्त आदि जस्ता भद्र, नैतिकतावादी, नि:स्वार्थ र नारी सहयोगी पुरुषहरू पनि छन् जसले नम्रतालाई उसको जीवन र शैक्षिक क्षेत्रमा अघि बढ्नमा सहयोग पुऱ्याएका छन्। उपन्यासमा नायकका रूपमा परिलक्षित निकुञ्ज र नम्रताबिचको प्रेम सम्बन्ध पवित्र र सुमधुर देखिन्छ। उपन्यासको अन्त्यतिर तिनीहरू वैवाहिक जीवनमा बाँधिन्छन्।

### ३.४ महिला महिलाबिचको सम्बन्ध

समाजमा महिला महिलाबिच हुने सम्बन्धका आधारमा पनि लैङ्गिक विभेदको सिर्जना हुने गर्दछ। महिलामहिलाबिचको सकारात्मक सम्बन्धले लैङ्गिक विभेदको विरोध गर्दछ भने नकारात्मक सम्बन्धले लैङ्गिक विभेदको निर्माण हुने गर्दछ। पितृसत्तात्मक मानसिकताले प्रेरित भएका महिलाहरू महिलाहरूप्रति नै अनुदार हुनाका साथै पुरुषमहिलाबिचको विभेदलाई निरन्तरता दिने गर्छन्। आफ्नी आमा पोइल गएपछि बाबु हरिभक्तले नम्रतालाई रत्न दाजुका घरमा बसेर पढ्ने बन्दोबस्त मिलाएर आफ्नो कार्यक्षेत्र लामडिङ्ग जान्छन्। रत्नको घरमा बसेदेखि नै रत्नकी जहान पार्वतीले नम्रतालाई दिनहुँ शङ्कालु नजरले हेर्छिन्। पिताको मृत्युपछि काका श्रीप्रकाशका घरमा बस्दा आफ्नै काकी भनाउँदा नारी पनि पुरुषहरूसँग मिली एउटा अबला नारीमाथि अत्याचार गर्न तत्पर देखिन्छे। शिलाङकी पराई आमैले बरू आफ्नै घरमा शरण दिएर पुत्रीवत झैँ व्यवहार गरी पोइल गएकी आफ्नी आमा खोज्न र कलेज पढ्नमा सहयोग गर्छिन्। कलेज अध्ययनरत छँदा नम्रताको मीरासँग मित्रता हुन्छ। एक साँझ दुई बहिनी घुमेर घर फर्कदा बाटामा सुकुलगुण्डाहरूले तिनीहरूलाई यौनिक दुर्व्यवहार गर्ने चेष्टा गर्दा अघिबाटै करातेको तालिम पाइसकेकी मीराले कुटेर खेदाइदिन्छे। मीराबाट प्रभावित भएर नम्रताले पनि मीराबाटै करातेको तालिम लिई आउँदा जीवनमा आइपर्ने चुनौतीसित लड्न सक्ने हुन्छिन्। यसरी प्रस्तुत उपन्यासमा कतिपय महिला पात्राहरूले उपन्यासका अन्य महिलाहरूसित उदार सम्बन्ध राख्छ भने कतिपय महिलाहरू चाहिँ महिलाहरूप्रति नै अनुदार भएका देखिन्छन्।

### ३.५ सामाजिक रूढि तथा अन्धविश्वास

समाजमा महिला र पुरुषका निम्ति भिन्न भिन्नै किसिमका परम्परागत मान्यता, धार्मिक दृष्टिकोण, सामाजिक रूढि तथा अन्धविश्वास, रीति-थिती पाइने हुनाले यहाँबाट पनि लैङ्गिक विभेदको निर्माण हुने गर्छ। यस्ता लैङ्गिक विभेदका कारण पुरुषका तुलनामा महिला नै बढी उत्पीडित र शोषित हुन्छन्। "कृतिभित्र यस्ता धार्मिक रूढि तथा अन्धविश्वास कुन रूपमा प्रस्तुत भएको छन्, तिनले नारी पात्रहरूको जीवनमा कस्तो प्रभाव पारेका छन्, लैङ्गिक विभेदका निर्माणमा तिनको के भूमिका छ आदि कुराको खोजी लैङ्गिक समालोचनाले गर्दछ" (सुवेदी र गौतम, वि सं २०७९, पृ- ३४८)।

**आँधी** उपन्यासमा जन्मने बित्तिकै नायिका नम्रता परम्परागत समाजमा निहित सामाजिक रूढि तथा अन्धविश्वासको सिकार भई आफ्ना वास्तविक माता र पिताको माया, प्रेम एवम् न्यानो काखबाट वञ्चित रहनु पर्दछ। यो घटना उपन्यासमा एकदमै रहस्यमय प्रकारले राखिएको छ, जसको उजागर नम्रताकी साथी विजायाको बिहेको दिन हुन्छ। चन्द्रकान्तका दिदीले नम्रताको अनुहार धेमाजीका सर्बदा आमैसँग ठ्याक्कै मिल्छ भनी धेमाजी लगेर ती आमैसित भेट गराइदिएपछि नम्रता दङ्ग पर्छे। आमा सर्बदाको मुखबाट सामाजिक रूढि तथा अन्धविश्वासले ग्रस्त भएको पुरुषप्रधान समाजमा नम्रताले भोग्नु परेको कष्टप्रद स्थितिलाई यसरी चित्रण गरिएको पाइन्छ-

"तँ मेरी छोरीहोस् नानी। तँ जन्मेका भोलिपल्टै घरमा आगलागी भो। छेउछाउको पुरेतलाई देखाउँदा 'छोरी त मूल्याइ जन्मी छ' भने। तेरा बा ज्योतिषी र पुरेत भनेपछि हिरिक्क गर्नु हुन्थियो। अझ ज्योतिषीले भनेका जम्मै मान्नु हुन्थियो। खगेश्वर भन्ने एकजना पण्डितले पनि 'छोरी त मूल्याई छ, आमा बाबुले बार बर्खसम्म मुख हेर्न हुँदैन' भन्दा तेरा बाले तलाई घैरमा नराख्ने भन्नु भो।...अनि तँ चौद दिनकी हुँदा तेरा बाले तँलाई रेल्लुइमा काम गर्ने तो हरिभक्तका जिम्बा लाउनु भो" (चापागाईँ, इ सं १९९९, पृ- ९५)।

यसरी पितृसत्तात्मक समाजद्वारा उपेक्षित भएकी नम्रता सोह्र वर्ष नपुग्दै आफूलाई पाल्ने आमा पोइल जान्छे भने उता पिता हरिभक्तको पनि देहान्त हुन्छ। यसैले सामाजिक रूढि तथा अन्धविश्वासका प्रकोपमा परेर नम्रताले जीवनमा धेरै दु:ख, कष्ट तथा यातना झेल्नु पर्‍यो। उपन्यासको मध्यभागतिर शिलाङको एउटा गाँउमा जुको परेको केटोलाई औषधी खुवाउनको साटो सारा गाउँले मिलेर धाँमी, झाँक्री लगाएको देखाइएको छ। यसरी उपन्यासमा सामाजिक रूढि तथा अन्धविश्वास, अशिक्षा, सङ्कीर्ण मनोभाव आदिले पराकाष्ठा नाघेको छ।

## ५ निष्कर्ष

लैङ्गिक अध्ययनको सिद्धान्तअन्तर्गत पर्ने विविध पक्ष तथा तत्त्वका आधारमा **आँधी** उपन्यासको अध्ययन गर्दा यस उपन्यासका धेरै नारी पात्राहरू पितृसत्तात्मक समाजका कारण शोषित, दमित, उपेक्षित र लाञ्छित बन्नु परेका घटनाहरू देखिन्छन्। पुरुष प्रधान समाजमा नारीहरू यसरी प्रताडित हुनुको पछाडि मुख्यत: पुरुष साथै नारी स्वयम् पनि जिम्मेवार रहेका छन्। उपन्यासमा उत्तरपूर्वी भारतका विभिन्न ठाँउमा बसोबास गर्ने नेपाली समाज शिक्षा र चेतनाका कमीले गर्दा सामाजिक रूढि तथा अन्धविश्वासले ग्रसित भएको देखाइएको पाइन्छ। नारीले स्वयम् सङ्घर्ष गरेर आफैलाई शिक्षित र सचेत बनाएर आफ्नो स्वनिर्माण गरे यस्ता पुरुषप्रधान समाजको पितृसत्तात्मक मानसिकतामा परिवर्तन ल्याउन सकिन्छ भन्ने सन्देश उपन्यासमा पाइन्छ। यसैले उपन्यासकारले प्रस्तुत उपन्यासमा एउटी नारी पात्रा नम्रतालाई उपन्यासको प्रमुख केन्द्रबिन्दु बनाएर यस्ता पितृसत्तात्मक समाज विरुद्ध तीव्र प्रहार गर्दै समाजमा नारी-पुरुषप्रति समतामूलक दृष्टिकोण राख्नुपर्छ भन्ने उद्देश्य राखेको पाइन्छ र यो नै लैङ्गिक अध्ययनको मुख्य अभीष्ट पनि हो।

## सन्दर्भ

१ चापागाईँ लोकनाथ उपाध्याय, इ सं १९९९, **आँधी**, शिलाङ, दुर्गा उपाध्याय

२ प्रतीक्षा साधना, वि सं २०७९, 'लैङ्गिक समालोचनाका सैद्धान्तिक आधार र विश्लेषण', राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा), **रत्न बृहत् नेपाली समालोचना**, भाग-३, काठमाडौँ, रत्न पुस्तक भण्डार

४ भट्टराई रमेशप्रसाद, वि सं २०७८, **सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ**, दोस्रो संस्करण, काठमाडौँ, भुँडीपुराण प्रकाशन

५ भासिन कमला, इ सं १९९३, **ह्वाट इज पेट्रियार्की**?, न्यू दिल्ली, कली फर वुमन

६ मिलेट केट, इ सं १९७०, **सेक्सुअल पोलिटिक्स**, न्यूयोर्क, डबलडे